अनुसूची-१०

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

**खानेपानी मन्त्रालय**

खानेपानी तथा ढल व्यवस्थापन विभाग

पानीपोखरी, काठमाडौं

सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम विक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

**सूचना नं. लिलाम/०१/२०८१-८२**

प्रथम पटक प्रकाशित मितिः २०८२।०२।२४

यस विभागमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम विक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम विक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र खरिद गरी १६ औं दिनमा दिनको **१२:०० बजेसम्म** यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति फर्म, संस्था वा कम्पनीलाई आह्वान गरिन्छ। यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ।

लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रू४,१७,७४६(अक्षेरुपी नेपाली रूपैंया चारलाख सत्रहजार सातसय छयालीस) रहेको छ।

इच्छुक बोलपत्रदाताले २०८२।०३।०८ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रू१०००।-(अक्षरूपी नेपाली रूपैंया एकहजार) रुपैयाँ रकम राष्ट्रिय वाणिज्य बैंक ठमेल स्थित यस खानेपानी तथा ढल व्यवस्थापन विभागको राजस्व खाता नं. क..... कार्यालय कोड नं. ३१३०१३५०१ राजस्व शीर्षक नं. १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू सलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।